**५७ औं वार्षिकोत्सव समारोहमा बैंकका प्रमुख कार्यकारी अधिकृतको स्वागत मन्तब्यः**

यस बैंकको **५७ औं वार्षिकोत्सव** समारोहका सभापतित्व गरिरहनुभएका बैंक सञ्चालक समितिका अध्यक्ष श्री बलराम पाठकज्यू,

समारोहका प्रमुख अतिथि नेपाल सरकारका अर्थमन्त्री माननीय जनार्दन शर्मा (प्रभाकर) ज्यू,

समारोहका अतिथि, नेपाल राष्ट्र बैंकका गर्भनर श्री महा प्रसाद अधिकारीज्यू,

नेपाल सरकार, अर्थ मन्त्रालयका आर्थिक सल्लाहकार डा. सुरेन्द्र उप्रतीज्यू,

नेपाल सरकार, अर्थमन्त्रालयका अर्थ सचिव, श्री मधू कूमार मराशिनी ज्यू,

नेपाल सरकार, अर्थमन्त्रालयका राजस्व सचिव, श्री कृष्णहरि पूष्करज्यू,

नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर श्री निलम कुमारी ढुङ्गानाज्यू,

नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर श्री वम बहादुर मिश्रज्यू,

नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक श्री देव कुमार ढकालज्यू,

नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक डा. गुणाकर भट्टज्यू,

नेपाल सरकार, अर्थ मन्त्रालय, बित्तीय क्षेत्र व्यवस्थापन तथा सार्वजनिक संस्थान समन्वय महाशाखा प्रमूख, श्री रमेश कूमार के.सि. ज्यू,

राष्ट्रिय वाणिज्य बैंक लि. सञ्चालक समितिका सदस्य श्री केदारनाथ शर्माज्यू,

राष्ट्रिय वाणिज्य बैंक लि. सञ्चालक समितिका सदस्य श्री जनक कुमार बरालज्यू,

राष्ट्रिय वाणिज्य बैंक लि. सञ्चालक समितिका सदस्य प्रा. डा. राजन वहादुर पौडेलज्यू,

राष्ट्रिय वाणिज्य बैंक लि. सञ्चालक समितिका सदस्य प्रा. डा. माधव प्रसाद दाहालज्यू,

राष्ट्रिय वाणिज्य बैंक लि. सञ्चालक समितिका सदस्य श्री रोमीला ढकाल उप्रेतिज्यू,

नेपाल बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत श्री कृष्ण बहादुर अधिकारी ज्यु,

कृषि बिकास बैंकका प्रमुख कार्यकारी अधिकृत श्री अनिल उपाध्यायज्यु,

कर्मचारी संचयकोषका कोषका प्रशासक श्री तुलसी गौतमज्यु,

नागरिक लगानी कोषका प्रमुख कार्यकारी निर्देशक श्री रमण नेपालज्यु,

राष्ट्रिय बीमा संस्थानका प्रशासक  श्री कवि प्रसाद पाठकज्यु,

राष्ट्रिय बीमा कम्पनी लिमिटेडका प्रमुख कार्यकारी अधिकृत  डा. डिल्लीराज अर्यालज्यु,

राष्ट्रिय वाणिज्य बैंक लि. का नायब प्रमुख कार्यकारी अधिकृतज्युहरु, उपकार्यकारी अधिकृत ज्यूहरु,

बैंकमा क्रियाशील ट्रेड युनियनका अध्यक्षज्यूहरु, क्रमसः

१. राष्ट्रिय वाणिज्य बैंक लि., कर्मचारी संघ नेपालका अध्यक्ष श्री राम प्रसाद जोशी ज्यू,

२. नेपाल वित्तिय संस्था कर्मचारी संघ रा.वा.वैंक लि.का अध्यक्ष श्री ईश्वर सिंह ज्यू,

३. नेपाल राष्ट्रिय कर्मचारी संगठन, रा.वा.वैंक लि. अध्यक्ष श्री दिपेन्द्र कार्कीज्यू,

रा.वा.वैंक लि. का ब्राण्ड एम्बेसडर , मिस नेपाल २०२१, श्री नम्रता श्रेष्ठज्यू,

रा.वा.वैंक लि. पूर्व कर्मचारी संघका अध्यक्ष श्री पुरुषेत्तम निरौला ज्यू,

बैंकका विभागीय प्रमुखज्यूहरु, प्रादेशिक प्रबन्धकज्यूहरु, शाखा प्रवन्धकज्यूहरु, सम्पूर्ण कर्मचारी साथीहरु,

बैंकका सेवा निवृत पूर्व कर्मचारी साथीहरु,

बैंकका सम्पुर्ण ग्राहक महानभावज्यूहरु,

विभिन्न सञ्चार माध्यमबाट यस कार्यक्रममा सहभागी संचारकर्मी मित्रहरु ।

हाम्रो निमन्त्रणालाई स्वीकार गरी भर्चुअल माध्यमबाट जोडिनुभएका अन्य समस्त आगन्तुक महानुभावहरु,

सर्वप्रथम म यस बैंकले ५६ वर्ष पूरा गरी ५७ वर्ष प्रवेश गरेको अवसरमा आयोजित आजको यस ५७ औं बार्षिकोत्सव समारोहमा यहांहरु सबैप्रति बैंकको तर्फबाट हार्दिक स्वागत अभिवादन व्यक्त गर्न चाहन्छु ।

## उपस्थित महानुभावहरु,

यस बैंकले विगतका दिनहरुमा अनेकौ आरोह अवरोहलाई पारगर्दै आजको दिन सम्म आईपुग्दा नेपालको बैंकिङ्ग क्षेत्रमा हाल गरिमामय इतिहास कोर्न सफल भएको तथ्य यहांहरु सामु ब्यक्त गर्न पाउदा एकदमै हर्षित महसुस गरिरहेको छु । यस क्रममा शुरुका दशकहरुमा बैंकले राम्रै प्रगति गर्दै आएकोमा ५० को दशकको अन्त्यमा आईपुग्दा बैंकको वित्तीय अवस्थाका अधिकांश सूचकहरु नकारात्मक रहन गयो । फलस्वरुप आ.व. २०५९/०६० सालदेखि वित्तीय क्षेत्र सुधार कार्यक्रम लागू भई पुनः बैंकले नयां यात्रा शुरु गर्‍यो र आज यहासम्म आइपुग्दा धेरै सकारात्मक तथा उत्साहजनक परिणामहरुका साथ एक सवल बैंकको रुपमा स्थापित भई ३६ लाख भन्दा बढी ग्राहकवर्गाको विश्वास जित्न सफल भएको छ ।

आ.व. २०७६/०७७ मा चिनको वुहान प्रान्तबाट फैलियको Covid – 19 भाईरसका कारण सम्पुर्ण राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगत अत्यन्तै कष्टप्रद रहेको थियो । झण्डै ९ महिनाको अवधि बन्दाबन्दी र निषेधाज्ञाको बीचम वित्यो । यसले विश्वभरको आर्थिक गतिविधिमा शिथिलता ल्यायो । आर्थिक वर्ष २०७७/७८ को तेश्रो त्रैमासको अन्त्यदेखि पुनः Covid-19 संक्रमणको दोस्रो लहरबाट विश्व

आक्रान्त बन्न पुग्यो । पहिलो भन्दा दोश्रो भेरियन्ट अझ भयावह देखियो । मृत्यूदर उच्च रहेको दोश्रो भेरियन्टले लाखौं मानिसहरुको जीवन लियो । उक्त समयमा यस बैंकमा कार्यरत ५७५ जना कर्मचारी संक्रमित हूनू भयो भने, ३ जना कर्मचारीहरुको समेत कोभिडका कारण दुखद निधन भयो । यस अवसरमा म वहांहरुको सेवाको स्मरण गर्दै दिवंगत साथीहरुप्रति हार्दिक श्रद्धाञ्जली प्रकट गर्न चाहन्छु र परिवारजनमा गहिरो समवेदना व्यक्त गर्न चाहन्छु ।

चालू आर्थिक वर्षको प्रथम त्रैमास र दोश्रो त्रैमासमा  कोभिड संक्रमणको जोखिम कम हुंदै आर्थिक गतिविधिहरु विस्तारै लयमा फर्कने क्रममा अगाडि बढीरहेको भएपनि आजको दिनमा हामी माझ महामारीको पुनः तेस्रो लहरसंग लड्नु पर्ने चुनौती देखापरिरहेको छ । हिजोका दिनहरुमा Covid-19 को जटील परिस्थितीका वावजुद पनि बैंकले आफ्ना सबै प्रकारका सेवाहरु संचालन गरी सर्वसाधारण जनतालाई बैंकीङ्ग सेवा पुर्‍याउन बैंक सुरक्षा उपायहरुका साथ सेवामा समर्पित रहेको थियो र आगामी दिनमा पनि रहने छ ।  कोभिड संक्रमणको तेस्रो लहरबाट हालसम्म **२७३** जना कर्मचारीहरु संक्रमित भई हाम्रा १४ वटा शाखा कार्यालयहरु वन्द समेत रहेका छन् । म संक्रमित कर्मचारी साथीहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । यस्तो जोखीमको घडिमा पनि अनवरत रुपमा बैंकको सेवा प्रवाहलाई सुचारु राख्न योगदान दिनुहुने सम्पुर्ण कर्मचारीसाथीहरुमा हृदय देखिनै धन्यवाद प्रकट गर्न चाहान्छु ।

**उपस्थित महानुभावहरु,**

आ.व. २०७७।७८ सालको वार्षिक लेखा परिक्षण गरि गत २०७८ साल पौष २९ गते वार्षिक साधारण सभा पनि सम्पन्न गरेसकेका छौं । उक्त साधारण सभाले बैंकको खूद मूनाफाबाट ३३ प्रतिशत लाभाश (३० प्रतिशत बोनस शेयर र ३ प्रतिशत नगद लाभांश वितरण गर्ने निर्णय गरेको छ । यसैगरी नेपाल सरकारबाट थप पुजी २ अर्व प्राप्त भइ पुजीकोषमा राखिएको छ , अव बैंकको चुक्त पूंजि (Paid up Capital) १३ अर्व ९४ करोड पूगेको छ ।  बैंकको अधिकृत पुजी ३० अर्व पूर्‍याइएको व्यहोरा पनि सहर्ष जानकारी गराउंदछू । बैंकले पुजी बृद्धि योजना अन्तर्गत क्रमिक रुपले पुजी वृद्धि गर्दै लैजाने कार्यक्रम रहेको छ ।

चालु आ.व.को दोश्रो त्रैमास भर्खरै समाप्त भएको छ । यस अवधिमा कोभिडबाट थलिएको अर्थतन्त्र क्रमशः चलायमान हुन थाले संगै आर्थिक गतिविधिहरुले तीव्रता पाउन थाले । फलस्वरुप बैंकिङ्ग क्षेत्रको कर्जा तीव्र गतिले बिस्तार हुन थालेको छ, आयात उच्च दरमा बढ्नु, रेमिटान्समा कमी आउनु जस्ता कारणले पछिल्ला केही महिनामा नेपालको बैंकिङ्ग क्षेत्रले तरलता अभावको चुनौती सामाना गर्नु परेको छ । यस पटकको तरलता अभावको समस्याले भने यस बैंकको कारोबारलाई पनि चुनौती खडा गरेको छ । बैंकको चालू आर्थिक वर्षको दोश्रो त्रैमास (२०७८ पौष मसान्त) सम्मको

कारोबारको नतीजा भर्खरै सार्वजनिक भैसकेको छ । यस अवधिमा बैंकको कुल निक्षेप **रु.२ खर्व ४४ अर्ब** पुगेको छ भने रु. २ खर्व १३ अर्व कूल कर्जा लगानी भई रु ४ अर्व ५२ करोड खुद ब्याज आम्दानी गरि रु. १ अर्व ९२ करोड मुनाफा आर्जन गर्न सफल भएको छ । बैंकको नेटवर्थ यस अवधिमा रु. ३१ अर्ब १७ करोड पुगेको छ । त्यसै गरी खराव कर्जा ३.०६ प्रतिशत र कर्जा निक्षेप अनुपात (CD Ratio) **८३.५१** प्रतिशत रहेको छ । यस अवधिमा बैंकको श्रोतको लागत ४.४३ प्रतिशत, आधार दर ६.६० प्रतिशत र स्प्रेडदर ३.६१ प्रतिशत रहेको छ । बैंकले निर्धारण गरेको कर्जाको व्याजदर बैंकिङ्ग क्षेत्रमै सबैभन्दा कम रहेको छ भने निक्षेपको व्याजदर पनि प्रतिस्पर्धी नै रहेको छ ।

संघीय संरचना अनुसार हामी ७ वटै प्रदेशका ७७ वटै जिल्लामा उपस्थित भैसकेपनि सर्वसाधारण जनताको वित्तीय पहुंचका लागि यसै आ.व. भित्र सम्पूर्ण जिल्लाका जिल्ला सदरमुकामसम्म पुग्ने लक्ष्यका साथ शाखा विस्तारको काम भईरहेको छ । आजको दिनसम्म आईपुग्दा हामी २५८ वटा शाखा संजाल, ४१ वटा Extension काउन्टर, २४५ वटा ए.टि.एम. र ९८ वटा शाखा रहित बैंकिङ्ग मार्फत देशभर बैंकिङ्ग सेवा पु-याउदै आएका छौं । सर्वसाधारणको अपार माया, बिश्वास तथा सहयोगका कारण राष्ट्रिय वाणिज्य बैंकले आजको दिनमा ३५ लाख भन्दा बढी निक्षेप ग्राहक, १ लाख ७५ हजार भन्दा वढि कर्जाको ग्राहक, १४ लाख मोवाइल बैकिङ्ग ग्राहक, ६ लाख १५ हजार भन्दा बढी डेबिड कार्ड मार्फत आधुनिक बैंकिङ्ग सेवा प्रदान गर्न सफल रहेको कुरा यहांहरु समक्ष जानकारी गराउन चाहन्छु ।

नेपाल सरकार, नेपाल राष्ट्र बैंक तथा नियामक निकायहरुका निर्देशन हाम्रा लागि मार्गदर्शन हुन् भने सरकारको नीति र कार्यक्रमहरु अनुरुप कार्यहरु अगाडि बढाउनु हाम्रो प्रमुख दायित्व र कर्तव्य हो । कोभिड-१९ का कारण थलापरेको अर्थतन्त्रको पुनरुत्थान गर्न नेपाल सरकारले अगाडि सारेका वित्त नीति तथा नेपाल राष्ट्र बैंकले ल्याएको मौद्रिक नीति कार्यान्वयनमा बैंक प्रतिबद्ध छ । हामीले उत्पादनशील तथा प्राथमिकताप्राप्त क्षेत्र जस्तै कृषि, जलबिद्युत्, पर्यटन तथा रोजगारमुलक उद्योग जस्ता क्षेत्रमा प्राथमिकताकासाथ कर्जा लगानीलाई केन्द्रित गरेका छौं । आ.व. २०७८।७९ को दोस्रो त्रैमासको अन्तमा आईपुग्दा हामीले SME कर्जा अन्तर्गत कुल कर्जा लगानीको ३९.५२ प्रतिशत, कृषि क्षेत्रमा ११.२० प्रतिशत, पर्यटन क्षेत्रमा ५.२९ प्रतिशत, र उर्जा क्षेत्रमा ५.८१ प्रतिशत लगानी गरेका छौ भने ब्याज अनुदान सहितका सहुलियतपूर्ण बिना धितो कर्जा लगानीमा समेत हाम्रो ध्यान केन्द्रित रहेको छ । ब्याज अनुदान सहितका सहुलियतपूर्ण कर्जामा ८ अर्व ८७ करोड र बिना धितो १५ लाख सम्मको सहूलियतपुर्ण कर्जामा ३३८६ जनालाई २ अर्व ७९ करोड कर्जा प्रवाह गरेका छौं । यसबाट लक्षित समूहका व्यक्ति तथा समूह लाभान्वित भई रोजगार र उत्पादनमा सकारात्मक सहयोग पुग्ने विश्वास लिएका छौं । सहूलियतपूर्ण कर्जा कार्यक्रमलाई प्रभावकारी ढंगले संचालन गरी परिणाममूखी

बनाउन प्रदेश सरकार तथा स्थानिय निकाय, यूवा परिषद्, नेपाल साना तथा घरेलु उद्योग महासंघ, हेफर ईन्टरनेशनल जस्ता संघ-संस्थाहरुसंग पारस्पारिक सहमती गरि अगाडि बढिरहेका छौं ।

त्यसैगरी बैंकले **Covid-19** को कारण ब्यवसायीहरुमा पर्न गएको नकारात्मक असरलाई मध्येनजर गर्दै बन्दाबन्दीको समयमा विभिन्न कर्जाका नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम दिनू पर्ने छुट र सहूलियत बाहेक पनि बैंक आर्फैले नियमित व्याज बूझाउने ग्राहकहरुलाई रु २५ करोड बराबरको व्याज छूट प्रदान गरेको छ । नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको पुनर्कर्जा ब्यवस्था अनुसार कोभिडबाट प्रभावित व्यवसायहरुको पुनरुत्थानका लागि यस बैंकबाट कर्जा कारोवार गर्ने विभिन्न २००४ जना ग्राहकलाई रु. ९ अर्व ३३ करोड वरावरको पुनर्कर्जा सुविधा उपलब्ध गराएका छौं ।

**उपस्थित महानुभावहरु,**

अब म बैंकले हालसम्म सम्पन्न गरेका केही महत्वपुर्ण उपलब्धिहरुको विषयमा जानकारी गराउने अनूमती चाहन्छू । बैंकले गत आ.व. मा १५ प्रतिशतले निक्षेपमा बृद्धि गरेको छ भने कर्जा लगानी तर्फ २५ प्रतिशत बृद्धि भएकोछ । बैंकले प्रबिधिको प्रयोगमा फड्को मार्दै ONLINE खाता खोल्ने सेवाका साथसाथै क्रेडिट कार्ड, POS Machine, QR Code जस्ता नबिनतम् प्रविधिवाट सेवा प्रवाह प्रारम्भ गरेको छ ।

बैंकले आफनो रणनैतिक योजना २०७७-२०८२ (Strategic plan 2020-2025) तर्जूमा गरी तदनूरुप बैंकको दिर्घकालिन, मधयकालीन र अल्पकालीन रणनीति तथा कार्यनीति तय गरी आफना सांगठनिक संरचना, व्यवसाय विस्तार, कारोवारको विविधिकरण, digitization , सक्षम प्रतिष्पर्धी जनशक्ति निर्माण, व्यवसायिक जोखिमको उचित व्यवस्थापन, पुर्ण परिपालना (full compliance), र संस्थागत सूशासन कायम गर्दै बैंकलाई आम जनताप्रति समर्पित सांचो अर्थमा जनताको बैकको रुपमा स्थापित गर्ने लक्ष्यका साथ अगाडी बढिरहेका छौं । वास्तवमा हामी सरकारी स्वामित्वको बैंकको पहिचानमा गर्व गर्छौं र साथसाथै आम मानिसमा सरकारी संस्थाहरुप्रतिको नकरात्मक भावनालाई हाम्रो सेवा, हाम्रो व्यवहार र हामीले दिने प्रतिफलबाट हामी कूनै पनि मानेमा निजी क्षेत्रभन्दा कम छैनौ भन्ने कूरा व्यवहारबाट स्थापित गर्ने निरन्तर लागिरहेका छौं । पछिल्ला केही वर्षका हाम्रा विभिन्न परिसुचकहरुले यो कूराको संकेत पनि गरिरहेको छ । मलाई विश्वास छ हामीलाई यस कूरामा सफलता मिल्ने नै छ ।

वर्तमान समयमा बैंकको प्रमूख चूनौती जनशक्ति व्यवस्थापन रहेको छ । आजभन्दा दूइ वर्ष पहिले नै बैंकले ६६१ जना विभिन्न तहमा नयां कर्मचारी भर्नाको प्रक्रिया अगाडी बढाइएकोमा तत्सम्बन्धीको मूद्धा, अदालतबाट भएको फैसलाले ४०८ जनाको विज्ञापन रद्द भई पून ८३६ जना नयां कर्मचारी भर्नाको प्रक्रिया अगाडी बढाइएको छ । ठुलो संख्यामा कर्मचारीको अभाव हूदा व्यवसाय वृद्धि, सेवाको गूणस्तर, शाखा विस्तार र नियन्त्रण प्रणालीमा प्रभाव पारेको छ र यसले विभिन्न जोखिमहरुलाई बढाएको छ । आशा छ, अव चांडै नयां जनशक्ति व्यवस्थापन भइ हामी हाम्रा कारोवारलाई अझ चूस्त दूरुस्त ढंगले अगाडी बढाउने छौं ।

यसका अतिरिक्त बैकले चालू आर्थिक वर्षमा सम्पन्न गरेका महत्वपुर्ण उपलब्धिहरुलाई संक्षेपमा चर्चा गर्न चाहन्छू ।

१. नेपाल टेलिकमसंगको सहकार्यमा Nepal Digital Payment Company को स्थापना भई Namaste Pay नामक डिजिटल वालेट सेवा शुरु भएको छ ।

२. यसैवर्ष थप रु. ५ अर्बको ऋणपत्र जारी गर्न बैंकको सञ्चालक समितिबाट स्वीकृत भई नेपाल राष्ट्र बैंकको स्वीकृतिको लागि पठाइएको छ ।

३. बैंकको व्यवस्थापन लेखापरीक्षण तथा O & M Survey ले औंल्याए बमोजिमको संस्थागत संरचनामा परिवर्तन गरी बैंकका कार्यहरुलाई थप प्रभावकारी तथा चुस्त बनाईएको छ ।

४. बैंकका आन्तरिक नीति नियम तथा कार्यविधिहरुको पुनरावलोकन, संशोधन तथा पुनर्लेखनको कार्य भएको छ ।

५. नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार Business Continuity Plan तर्जुमा गरी सो अनुसार कार्य भईरहेको छ ।

६. बैंकको समग्रा कारोबारको व्याकअप परीक्षणका लागि सफलतापूर्वक DR Drill Test सम्पन्न भएको छ ।

७. आजकै मितिदेखि हिमाल इन्फोटेक प्रा.लि. संगको सहकार्यमा इन्टरनेट बिनै चलाउन सकिने मोबाईल बैंकिङ्ग (USSD) सेवा संचालन शुरु भएको छ ।

८. विभिन्न पेशामा आवद्ध कर्मचारीहरुलाई सरल रुपमा बैंकले प्रदान गर्ने पेशागत कर्जा प्रवाह गर्न नेपाली सेना, राष्ट्रिय परिक्षा बोर्ड, नागरिक उड्डयन प्राधिकरण, नेपाल वायुसेवा निगम जस्ता बिभिन्न निकायहरुसंग पेशाकर्मी कर्जा उपलब्ध गराउने सम्झौता गरी कर्जा विस्तार गरिएको छ ।

९. बैंकको थापाथली, वसन्तपुर, पोखरा, बुटवल र भैरहवामा आफ्नै भवनहरु निर्माण कार्यलाई तिव्रताका साथ अघि बढाई चालु आ.व. भित्र सम्पन्न गर्ने लक्ष्यका साथ कार्य भैरहेको छ । महेन्द्रनगर, कोहलपुर, लहान लगायतका स्थानमा नयां कार्यालय भवन निर्माण गर्न प्रक्रिया अघि बढाईएको छ ।

१०. शाखा बिस्तार योजना अन्तर्गत थप १० वटा नयां शाखा संचालनमा ल्याईएको छ ।

११. KFW को सहकार्यमा Energy Efficiency Program सफलतापुर्वक सम्पन्न गरिएको छ ।

१२. कर्मचारीको क्षमता अभिबृद्धि गर्न विभिन्न ३९७ वटा तालिम मार्फत १६,४९० जना कर्मचारीलाई बिभिन्न विषयमा तालिम प्रदान गरिएको छ ।

१४. नेपाल सरकारले बजेट मार्फत घोषणा गरेको कर्मचारीहरुको तलब बृद्धिलाई बैंकका कर्मचारीहरुको साविक तलबमा समायोजन गरिएको छ भने बैंकमा क्रियाशिल ट्रेड यूनियनहरुसंगको सम्बन्ध सुमधुर बनाईराख्न यूनियनहरुको माग सम्बन्धमा वार्ता गर्न वार्ता टोली गठन भैसकेको छ । त्यस्तै गरि कर्मचारीहरुको वृत्ति बिकासका लागि बैंकमा कर्मचारी बढुवा र आन्तरिक प्रतिस्पर्धा सम्बन्धी कार्य भैरहेको छ ।

१५. कोभिड-१९ संक्रमणको विषम परिस्थितिमा समेत स्वास्थ्य तथा सुरक्षाको उपायहरु अवलम्बन गरी बैंकका सेवाहरु सुचारु गरिएको छ ।

१६. कर्मचारी विनियमावली संशोधन तथा योगदानमा आधारीत उपादान योजनाको शुरुवात गरिएको छ ।

१७. संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत विविध वित्तीय साक्षरता सम्बन्धी कार्यक्रमहरु संचालन गरिएको छ । खोलौ बैंक खाता अभियान अर्न्तगत यस बैंकमा खाता खोल्ने ग्राहकहरुको खातामा रु.१०० बैंकको तर्फबाट जम्मा गर्ने गरिएको छ । त्यस्तै शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण जस्ता बिभिन्न क्षेत्रहरुमा रु ४ करोड ८७ लाख रकम खर्च गरिएको छ ।

**आदरणीय महानुभावहरु,**

नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको चासोको बिषय बैंक तथा बित्तीय संस्थाहरुको मर्जरका कारण नेपालका बाणिज्य बैंकहरुको क्षमता, कार्यसञ्जाल र सेवा प्रवाहमा व्यापकता आउने निश्चित छ । यस्तो अवस्थामा त्यस्ता बैंकहरुसंग प्रतिस्पर्धा गर्न यस बैंकलाई चूनौती थपिएको छ । यसर्थ बैंकले अबको दिनमा आफ्नो पूंजि बृद्धि योजना अनूरुप आफुलाई थप बलियो बनाउदै

लैजानूपर्ने देखिन्छ र यसका लागि बैंकले आफ्नो पुंजि बृद्धि योजना कार्यान्वयनको काम प्रारम्भ गरिसकेको छ । बैंकको यस पुंजि बृद्धि कार्यक्रममा नेपाल सरकारको तर्फवाट पुर्णरुपमा सहयोगको अपेक्षा गरेका छौ । बैंकले बिगतमा जस्तै बिपन्न वर्ग, पिछडीएका वर्ग, वित्तीय पहूंचबाट वन्चित वर्गको आर्थिक तथा सामाजिक पूनरुत्थानका लागि आजको दिनसम्म खेलेको अग्राणी भुमिकालाई अझै सशक्त रुपमा अगाडि बढाउनू पर्ने देखिएको छ ।

ग्राहक सेवालाई सर्वोपरि मान्दै आजका दिन सम्म अनवरत रुपमा ग्राहक सेवामा समर्पित यस बैंकले बिगतमा झै भबिश्यमा पनि ग्राहकसेवालाई केन्द्र बिन्दूमा राखेर अझ परिस्कृत रुपमा सेवा प्रवाह गर्दै आफ्नो भिजन तथा मिसनमा उल्लेख भए जस्तै एक सवल अनि विश्वासिलो बैंकको रुपमा आफुलाई स्थापित गर्न प्रयास गरी रहेको छ ।

**आदरणीय महानूभावहरु,**

अब म बैंकका आगामी योजनाहरुको सम्बन्धमा उल्लेख गर्न गईरहेको छू :

१. बैंकको स्वीकृत रणनीतक योजना Strategic plan बमोजम कार्यक्रम र कार्ययोजना बनाई अगाडी बढ्ने

२. बैंकको स्वीकृत योजना अनूरुप पुजीकोष बृद्धि गर्दै लैजाने

३. देशका ७ वटै प्रदेशका ७७ वटै जिल्लाका सदरमुकाम मध्ये बाकि १० वटा जिल्ला सदरमुकाममा समेत आफ्नो शाखागत उपस्थिति जनाई रणनैतिक तथा व्यवसायिक सम्भावना भएका स्थानहरुमा समेत नयां शाखा बिस्तार गर्दै लैजाने ।

४. निक्षेपको उच्च वृद्धि तथा परिचालन मार्फत व्यवसाय बिस्तारलाई विशेष जोड दिई कर्जा निक्षेप अनुपातलाई सन्तुलनमा राख्ने ।

५. बैंकको सूचना प्रविधि प्रणालीलाई समयसापेक्ष तथा सुदृढ बनाउने योजना बमोजिम स्वीकृत IT Enhancement Roadmap सम्बन्धी योजनालाई अघि बढाउने साथै डिजिटल बैंकिङ्ग सम्बन्धी सेवाहरुको विस्तार गर्नुका साथै गुणस्तर वृद्धि गर्दै लैजाने ।

६. बैंकमा सम्पादन गरिने विभिन्न कार्यहरुलाई थप प्रभावकारी तथा ग्राहकमैत्री बनाउनका लागि कार्यविधि एवं पद्धतिहरुको Process Reengineering प्रभावकारी रुपमा कार्यान्वयन गरी कारोबारको Turn Around Time (TAT) घटाउने,

७. बैंकमा संभावित विदेशी लगानी व्यवस्थापन तथा ऋणपत्र जारी गर्ने ।

८. बैंकको निष्कृय कर्जालाई विद्यमान बैंकिङ्ग क्षेत्रको औसत स्तरमा कायम गर्ने,

९. कोभिड-१९ को प्रकोपबाट सिर्जित परिस्थितिबाट अर्थतन्त्रलाई चलायमान बनाउनका लागि नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकमार्फत जारी भएका तथा भविष्यमा जारी हुने निर्देशनलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

१०. सरकारको नीति तथा कार्यक्रममा उल्लेखित सहुलियतपूर्ण कर्जा मार्फत युवा तथा महिला उद्यमी, दलित तथा पिछडिएको वर्गका व्यक्तिहरुमा उद्यमशिलता विकास गराउन विभिन्न स्थानीय तह, सरकारी निकाय तथा गैह्र सरकारी निकायहरुसंग सहकार्य गर्दै अघि बढ्ने ।

११. बैंकको आन्तरिक लेखा परीक्षण, बाह्य लेखापरीक्षण तथा नेपाल राष्ट्र बैंकले निरीक्षणको क्रममा औंल्याएका कैफियतहरुको सुधार गर्ने ।

१२. बैंकका सेवाहरुलाई बैंकिङ्ग पहुंच नपुगेका, युवा तथा महिला, सिमान्तकृत वर्गसम्म पुऱ्याउने कार्य प्राथमिकताका साथ लागु गर्ने,

१३. बैंकमा विद्यमान विविध प्रकारका जोखिमलाई न्यूनीकरण गर्न जोखिम व्यवस्थापन कार्यलाई थप परिस्कृत तथा प्रभावकारी बनाउंदै लैजानुका साथै AML/CFT सम्बन्धी निर्देशनहरुको Compliance को कार्यलाई प्रभावकारी बनाउने,

१४. कर्मचारीको कार्यसम्पादनमा निखारता र वस्तुगत रुपमा कार्यसम्पादन मुल्यांकन गर्नका लागि Performance Management System लागु गर्ने,

१५. बैंकभित्र संस्थागत सुशासन तथा आन्तरिक नियन्त्रण प्रणालीलाई अझ सुदृढ बनाउन आवश्यक कार्यहरु संचालन गर्ने ।

१६. बैंकको रणनीतिक योजना २०२०-२०२५ बमोजिम Enterprise Resource Planning (ERP) सम्बन्धी कार्यको शुरुवात गर्ने ।

१७. बैंकका सेवा सुविधाहरुको बजारीकरण (Marketing) तथा कर्पोरेट ब्राण्डिङ्गमा जोड दिने,

१८. बैंकिङ्ग सम्पत्तिहरुको प्रभावकारी प्रयोगका लागि Asset Utilization Plan तर्जुमा गरी कार्यान्वयन गर्ने ।

**आदरणीय उपस्थित महानूभावहरु,**

वर्तमानमा देखिएको Covid-19 को तेस्रो लहरको शूरुवातका बीच बैंकका चालू आ.व.का बार्षिक लक्ष्यहरु हासिल गर्न चूनौतीपूर्ण देखिएको छ तर मलाई बिश्वास छ, हामी सबैको सहकार्यबाट यस्तो चूनौतीको सामना गर्न असम्भव भने छैन । Covid-19 प्रकोपका परिवर्तित भाईरसहरुले आक्रान्त पारिरहेको वर्तमान परिवेशमा बैंकलाई सफलतापुर्वक अघि बढाउनका लागि सबै पक्षको साथ, सहयोग र समन्वयको महत्व अझ बढेको छ । एकातर्फ बैंकिङ्ग क्षेत्रमा तिब्र प्रतिस्पर्धाको वातावरण सिर्जना भईरहेको छ अर्को तर्फ यस बैंकमा हालसम्म पनि ठुलो संख्यामा जनशक्तिको अभाव छ । हामी हाम्रा नियमनकारी निकायहरुको सल्लाह, सूझाव र निर्देशन, ग्राहकवर्गको अटूट साथ र बिश्वास, सम्पूर्ण कर्मचारीसाथीहरुको जोस-जागर र दक्षता, अनि लगानिकर्ता लगायत सम्पूर्ण सरोकारवालाहरुको अटल सहयोग र बिश्वासले यो चूनौति सहज रुपमा पूरा गर्ने छौ र मलाई बिश्वास छ, जनशक्ति सम्बन्धी समस्या अब चाडै समाधान हूनेछ र हामी पुर्ण क्षमताका साथ बजारमा प्रस्तूत हूनेछौं । जनशक्ति व्यवस्थापनको समस्या समाधान तथा व्यवस्थापन गर्न बैंकका ट्रेड यूनियनका मित्रहरुले अत्यन्त ठूलो सहयोग र सदभाव देखाउनूभएको छ । यसको निमित्त बैंकका क्रियाशील ट्रेड यूनियनहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छू । आगामी दिनमा पनि व्यवस्थापन ट्रेड यूनियन विचको सम्बन्धलाई अझ सूदढ र सूमधूर बनाउदै लगिने विश्वास समेत व्यक्त गर्न चाहन्छू ।

यसका अतिरिक्त बैंकले लामो समय देखी बैंकको बार्षिकोत्सवको अवसरमा बैंकका शाखाहरु मध्यपनि उत्कृष्ट शाखा, सम्पुर्ण कर्मचारीहरु मध्य उत्कृष्ट कर्मचारीलाई पुरस्कृत गर्ने हाम्रो अभ्यास, यस वर्ष कोभिडको संक्रमण प्रकोप वढेसंगै आवश्यक प्रकृया पुरागर्न वाकि रहेको हुंदा आजको यस अवसरमा उक्त उत्कृष्ट शाखा र उत्कृष्ट कर्मचारीहरुलाई पुरस्कृत गर्न नसकिएको ब्यहोरा जानकारी गराउन चाहान्छु । यस महामारीको प्रकोप सामान्यहुनासाथ बैंक ब्यवस्थापन उत्कृष्ट शाखा र उत्कृष्ट कर्मचारीको नामावली घोषणा गर्ने प्रतिवद्धता समेत जाहेर गर्दछु । साथै बैंकले आ.व. २०७७।७८ को वार्षिक साधारण सभा पनि सम्पन्न गरिसकेको हुनाले गत वर्षको मुनाफावाट कर्मचारीलाई वितरण गरिने वोनस बितरणका लागि स्विकृतिको प्रकृया अघि वढिसकेको कुराको पनि सहर्ष जानकारी गराउन चाहान्छु ।

**अन्त्यमा** यस बैंकलाई बिभिन्न रुपमा सहयोग गरी आजको अवस्थामा ल्याईपुर्याउने कार्यमा मार्गदर्शन प्रदान गर्नूहूने नेपाल सरकार, अर्थ मन्त्रालय तथा नेपाल राष्ट्र बैंक प्रति हार्दिक आभार व्यक्त गर्दछू । बैंकका सेवा सूविधालाई स्वीकार गरी आजका दिनसम्म यस बैंकसंग विविध कारोवार गरिरहनू भएका ग्राहकप्रति हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छू र आगामी दिनहरुमा अझ गूणस्तरीय एवं समय सापेक्ष सेवा सूविधाहरु प्रवाह गर्ने प्रतिवद्धता व्यक्त गर्न चाहन्छू । साथै, यस अवसरमा

बैंकलाई आजको अवस्थासम्म ल्याई पूर्‍याउन योगदान दिनूहूने यस बैंकका सम्पुर्ण अग्रज पदाधिकारी तथा कर्मचारीहरुलाई सम्मानका साथ स्मरण गर्न चाहन्छू । आफ्नो लगनशिलता र दक्षताको अधिकतम योगदान दिने ट्रेड यूनियनका साथीहरु तथा समस्त कर्मचारीसाथीहरुलाई  धन्यवाद दिन चाहन्छू । बैंकको प्रगति निमित्त सदैव सहयोग र सद्भाव राख्नू हूने संचार जगतप्रति पनि आभार प्रकट गदछू ।

र, अन्त्यमा बैंकको ५७ औं वार्षिक उत्सवको अवसरमा आफ्नो महत्वपूर्ण समय दिएर कार्यक्रममा सहभागी भईदिनूभएकोमा प्रमूख अतिथि अर्थमन्त्री माननीय जनार्दन शर्माज्यु तथा अतिथि महानूभावहरु लगायत सम्पूर्ण महानूभावहरुमा हार्दिक कृतज्ञताका साथ स्वागत अभिवादन व्यक्त गर्दछू ।

**धन्यवाद, नमस्कार ।**